# नगर विकास कोष




**ऋण लगानीमा पूर्वाधार ।**
**सम्बृद्ध नेपालको आधार ।।**



## संचालक समितिको संरचना

**अध्यक्ष**
सचिव, शहरी विकास मन्त्रालय

**सदस्य**
नेपाल सरकारबाट मनोनित प्रत्येक प्रदेशको प्रतिनिधित्व हुने गरी नगर प्रमुख वा उपप्रमुख मध्येबाट ७ जना

**सदस्य**
प्रतिनिधि, अर्थ मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी)

**सदस्य**
प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी)

**सदस्य**
अर्थ विज्ञ

**सदस्य**
प्राविधिक विज्ञ

**सदस्य**
सहरी विकास मन्त्रालयबाट तोकेका शहरी विज्ञ ३ जना

**सदस्य सचिव**
कार्यकारी निर्देशक

## नगर विकास कोषका कर्मचारीहरू



# कार्यकारी निर्देशकको सन्देश



शहरी पूर्वाधारहरु ऋण परिचालन गरी वित्तीय (Debt) विधिबाट निर्माण गरिनु पर्दछ, त्यसले प्रत्येक बन्ने पूर्वाधारको दिगोपना र सेवाप्रवाहको सुनिश्चितता गर्दछ भन्ने मुलमर्मका साथ २०४५ फाल्गुण २ गते नगर विकास कोष समितिको रूपमा स्थापना भई २०५३ सालमा नगर विकास कोष ऐनद्वारा स्वयात्त संस्था नगर विकास कोषको स्थापना भएको हो । नेपाल सरकारको बीउ पुँजीका (Seed Capital) रुपमा करीव रू. १.२९ करोड इक्वीटी सेयरबाट थालनी भएको यसले हाल ८३ वटा नगरपालिकाहरु र ९४ वटा साना सहरहरुमा सेवा संचालन गर्दै करीव रू. ५.८ अर्व पुँजी पुऱ्याई शहरी पूर्वाधार विकासका लागि वैकल्पिक वित्तीय उपकरण (Financial Tool) सम्वर्धन तथा प्रवर्धन र शहरी विकासमा आबंद्ध संस्थाहरुको क्षमता विकासका कार्य गर्दै आएकोछ ।

वर्तमान राष्ट्रिय सन्दर्भमा कोषको स्थापना समयमा मुलुकको परिवेश र आजको राजनीतिक, आर्थिक तथा सामाजिक परिवेशमा ठुलो अन्तर आएको छ । नेपाललाई सन् २०२२ सम्ममा अल्पविकसित राष्ट्रबाट विकसित राष्ट्र र सन् २०३० सम्ममा मध्यम आय भएको राष्ट्रमा पुऱ्याउने लक्ष्य तथा दिगो विकासको राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि मुलुकले आन्तरिक तथा बाह्य वित्तीय स्रोत परिचालन तथा राष्ट्रिय संस्थाहरू (National Institutions) को क्षमता विकासमा जोड दिनु पर्ने अपरिहार्यता देखिन्छ । राष्ट्रिय शहरी नीति र राष्ट्रिय शहरी विकास रणनीतिको कार्यान्वयन र तिव्ररूपमा वढ्दै गई रहेको शहरीकरण तथा नगरपालिकाहरूको संख्या बृद्धिले नगर विकास कोषलाई अवसर र चुनौती दुवै प्रदान गरेको विद्यमान अवस्था छ ।

शहरी विकासका वहुआयामिक पक्षहरूलाई समेटी एकीकृत शहरी पूर्वाधार विकासलाई जोड दिई आर्थिक तथा सामाजिक पूर्वाधारका साथै कृर्षि पूर्वाधार, पर्यटकीय पूर्वाधार तथा उत्थानशील वातावरणमुखी शहर विकासमा जोड दिई कोषले कार्य गर्दै आएको छ । अन्तर्राष्ट्रिय संघ संस्थाहरू सँगको कार्यगत एकता तथा यस क्षेत्रका अन्तर्राष्ट्रिय मूल्य र मान्यता आदिलाई मध्येनजर गर्दै विद्यमान स्रोतका अतिरिक्त थप अन्य वित्तीय स्रोतहरू पहिचान तथा परिचालन गर्ने कार्य सहित अगाडि बढेको छ । साथै कोषको Credit Rating गरी आन्तरिक बजारबाट Municipal or Infrastructure Bond जारी गरी पूँजी परिचालन गर्ने, विश्व जलवायु कोष (Green Climate Fund) को राष्ट्रिय मान्यता प्राप्त (Accredited) संस्था भई ठुला आयोजनाहरूमा वित्तीय स्रोत परिचालन गर्ने तथा नगरपालिकाहरूको वित्तीय क्षमता विकासका लागि क्रमशः Credit Rating गराउने र सार्वजनिक निजी साझेदारीका माध्यमबाट शहरी पूर्वाधार निर्माण गर्ने गरी दिगो नेतृत्वदायी भुमिका निर्वाह गर्न सक्ने ऋण प्रशासक (Debt Administrator) संस्थाका रूपमा कोषलाई विकास गर्ने गरी चार वर्षे ब्यावसायिक योजनासहित अगाडि बढेको छ ।

अन्तमा, नेपाल सरकारको आ.व. २०७६।७७ को कार्यक्रम तथा बजेटमा मुलुकको संघीय संरचनाअनुसार कोषको विद्यमान नगर विकास कोष ऐन २०५३ संशोधन गरी नेपाल सरकार, प्रदेश, स्थानीय तह र अन्य संस्थाहरुको समेत स्वामित्व रहने गरी रू.२० अर्व बराबरको इक्वीटी पुँजी संरचनाको ब्यवस्थासहित प्रदेश तथा स्थानीय तहका पूर्वाधार विकासमा दीर्घकालीन ऋण लगानी गर्नका निमित्त नगर विकास कोषलाई **"शहरी पूर्वाधार विकास निगम"** रूपान्तरण गरी मुलुकको वित्तीय बजार एवं निजी क्षेत्रको पुँजीलाई शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक स्वायत्त एवं दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउने कोषको दुरदृष्टि (Vision) रहेको छ ।

## पृष्ठभूमि (Background)

नगरहरूको पूर्वाधार विकासमा वित्तीय एवं प्राविधिक सहयोग पुऱ्याउने उद्देश्यले वि.सं २०४५ फाल्गुण २ गते "नगर विकास कोष समिति" को स्थापना भएको थियो । वि.सं. २०५३ सालमा "नगर विकास कोष ऐन" द्वारा नेपालमा नगरहरूको विकास, निर्माण तथा विस्तार एवम् नगरहरूमा आधारभूत सामाजिक सेवा र आयमूलक आयोजना सञ्चालन गर्न तथा सो सम्बन्धी कार्य गर्ने नगर बिकाससंग सम्बन्धित निकायहरूलाई आर्थिक र प्राविधिक सहयोग प्रदान गरी व्यवस्थित ढङ्गले नगरको निर्माण गर्न गराउनका लागि "नगर विकास कोष" का रूपमा स्थापित भएको हो ।

कोषले नेपाल सरकार तथा विभिन्न अर्न्तराष्ट्रिय विकास साझेदारहरु (विश्व बैंक, जि.टी.जेड, जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.), एसियाली विकास बैंक, युरोपियन युनियन, यु.एन.सि.डि.एफ.) को वित्तीय तथा प्राविधिक सहयोग र कोषको इक्विटी परिचालन गरी नगरहरूको सामाजिक तथा आर्थिक पूर्वाधारहरूको विकास, विस्तार तथा नगरपालिका एवं साना शहरहरूको क्षमता अभिवृद्धिमा स्थापनाकालदेखि निरन्तर सहयोग गर्दै आइरहेको छ ।

शहरी पूर्वाधार विकासका लागि दीर्घकालीन ऋण परिचालनमा कोषले वित्तीय मध्यस्थकर्ताका रूपमा प्रमुख भूमिका निर्वाह गर्दै आएको छ । स्थापनाकालदेखि आ.व. २०७६।७७ सम्म कोषले शहरी पूर्वाधारकारूपमा बसपार्क, व्यावसायिक भवन, नगरपालिका भवन, स्कुल भवन, मनोरन्जन पार्क, फोहरमैला व्यवस्थापन, ढल व्यवस्थापन लगाायतका करिव १२०० वटा आयोजनाहरूमा रू. ९ अर्व ६१ करोड ऋण तथा रू. २ अर्व २९ करोड अनुदान लगानी गरिसकेको छ । आ.व. २०७६।७७ को अन्त सम्ममा साँवा ब्याज गरी जम्मा रू. ५ अर्व १ लाख असुल हुनु पर्नेमा आ.व. २०७६।७७ सम्ममा साँवा र ब्याज समेतगरी रू. ४ अर्व ५६ करोड ४५ लाख असुल भैसकेको छ ।

मुलुकको ६० प्रतिशत जनसंख्या २९३ वटा नगरपालिकाहरूको निवासीमा रूपान्तरित भैसकेको हालको अवस्थामा शहरहरूलाई नियोजित रूपमा विकास गरी शहरले प्रदान गर्नुपर्ने सेवा तथा सुविधाहरूको विस्तारका लागि शहरी पूर्वाधार विकासमा ठूलो लगानीको आवश्यकता रहेको छ । शहरी पूर्वाधार विकासमा लगानी विस्तार गर्नका लागि स्थानीय तहहरूले आफ्नो स्रोतको अधिकतम् परिचालन, सम्भाव्य नयाँ स्रोतहरूको खोजी तथा पूर्वाधार विकासमा ऋण लगानी (Debt Financing) का अवधारणालाई अवलम्वन गर्न जरूरी छ । दिगो शहरी पूर्वाधारमा लगानीलाई विस्तार गर्दै देशको आर्थिक–सामाजिक क्षेत्रको विकास गर्ने लक्ष राख्दै कोषले आफ्नो चार वर्षे (आ.व. ०७७।७८ देखि ०८०।८१) व्यावसायिक योजनामा शहरी पूर्वाधारका आयोजनाहरूमा रू.२० अर्व लगानी गर्ने लक्ष्य राखेको छ ।



## दूरदृष्टि (Vision)

शहरी पूर्वाधार विकासमा नेतृत्वदायी दिगो वित्तिय मध्यस्थकर्ताको रूपमा स्थापित हुने ।

## कोषको ध्येय (Mission)

राष्ट्रिय विकासको लक्ष्य अनुरूप शहरी पूर्वाधार एवं शहरी सेवा सुविधामा जनताको पहुँच स्थापित गरी आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार गर्न योगदान पुऱ्याउने ।

## उद्देश्य (Objectives)

- शहरी पूर्वाधार विकास तथा निर्माणका लागि वित्तीय एवं प्राविधिक सहयोग प्रदान गर्ने ।
- विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना संचालन गर्ने गराउने ।
- नगर विकास र यसका लागि गरिने पर्ने सम्भाब्य सुधारका सम्वन्धमा आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने गराउने ।
- नगर विकाससँग संवन्धित संस्थाहरूको क्षमता विकासका कार्यहरु गर्ने ।

## मूल मान्यता (Core Values)

- शहरी पूर्वाधारहरूको निर्माणमा ऋण लगानीलाई प्रबर्द्धन गर्दै शहरी पूर्वाधार सेवा सुविधाहरूको विस्तार गरी जनताको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार ।
- शहरी पूर्वाधारमा लगानीलाई विस्तार गर्दै देशको आर्थिक–सामाजिक क्षेत्रको विकास ।
- शहरी पूर्वाधार निर्माणका लागि बैकल्पिक वित्तीय श्रोत परिचालनका लागि विभिन्न वित्तीय उपकरण (Financial Tools) हरूको प्रवर्द्धन तथा उपयोग ।



## रणनीतिहरू (Strategy)

(१) कोषलाई "शहरी पूर्वाधार विकास निगममा रुपान्तरण गर्ने ।

(२) कोषको लगानीका क्षेत्रलाई ब्यापक तथा प्रभावकारी बनाउन राष्ट्रिय शहरी नीति तथा शहरी पूर्वाधार विकास रणनीतिका आधारमा संवन्धित निकायहरूसंग समन्वय गरी कार्य गर्ने ।

(३) नेपाल सरकारको पूर्वाधार विकाससँग संबन्धित विभिन्न नियकायहरूँग सहकार्य गरी पूर्वाधारसम्बन्धी ठुला आयोजनाहरूको विकास एवं वित्तीय स्रोत परिचालन गर्ने ।

(४) सार्वजानिक निजी साझेदारी (PPP) र मिश्रित लगानी (Blending Finance) को अवधारणाअनुसार शहरी पूर्वाधारका क्षेत्रमा ऋण लगानी गर्ने ।

(५) पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालनका लागि डेभलपमेण्ट बोण्ड जारी गर्ने ।

(६) कोष एवं स्थानीय तहहरूको संस्थागत विकास, स्रोत परिचालन तथा रणनीतिक महत्वका क्षेत्रमा आवश्यक ज्ञान, सीप तथा अनुभव आदान प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सञ्जाल निर्माण गरी प्राविधिक सहयोग परिचालन गर्ने ।

(१०) प्रतिस्पर्धी व्यावसायिक वित्तीय संस्थाकारुपमा स्थापित हुनका लागि नगर विकास कोषको क्रेडिट रेटिङ्ग गर्ने ।

(११) नगरपालिकाहरूको आन्तरिक वित्तीय क्षमता अभिवृद्धि गर्दै ऋण वहन क्षमता वृद्धि गराउनका लागि सम्भावित नगरपालिकाहरुको क्रेडिट रेटिङ्ग गर्ने ।

(१३) प्रतिस्पर्धी खुल्ला कोषमार्फत् शहरी पूर्वाधारका रणनीतिक आयोजनाहरुमा लगानीलाई विस्तार गर्ने ।

(१५) नगरपालिकाहरुको विशिष्टीकरण र वस्तुगत आधारमा स्थानीय तहको आर्थिक विकासमा योगदान पुऱ्याउने किसिमका स्तरीय आयोजना बैंक तयार गर्ने ।

(१४) कोषलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसारको वित्तीय मध्यस्थकर्ता संस्था Center of Excellence का रुपमा विकास गर्ने ।



## कोषको वित्तीय लगानीका क्षेत्रहरू:

| क्षेत्र | आयोजनाको प्रकृति | आयोजनाको किसिम | लगानी अनुपात |
|---|---|---|---|
| शहरी पूर्वाधार | आर्थिक/आयमूलक आयोजना | वसपार्क, व्यावसायिक भवन, कृषि बजार, जग्गा विकास, मनोरञ्जन पार्क आदि | आयोजनाको कुल लागतको: ऋण: ९०% न.पा.: १०% |
| | आधारभूत/सामाजिक पूर्वाधारका आयोजना | खानेपानी, नगरपालिका भवन, सडक बत्ती, सडक, फुटपाथ, सतह ढल, सार्वजनिक शौचालय, स्कुल, हस्पिटल, सम्पदा संरक्षण आदि | आयोजनाको कुल लागतको: ऋण: ३०% अनुदान: ६०% न.पा.: १०% |
| खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई आयोजना /सहलगानी आयोजना | खानेपानी तथा सरससफाई | आयोजनाको कुल लागतको: ऋण: २०%–४५% अनुदान: ५०%–७०% उपभोक्ता संस्था: ५%–२०% |
| शहरी यातायात व्यवस्थापन | दिगो शहरी यातायात आयोजना | दिगो शहरी यातायात | आयोजनाको कुल लागतको: ऋण: ८०% अनुदान: १५% कम्पनी/SPV: ५% |
| फोहरमैला व्यवस्थापन | नतिजामूलक आयोजना | फोहरमैला व्यवस्थापन | नतिजामूलक अनुदान (Outupt Based Aid-OBA) अनुदान: १००% (सहभागी नगरपालिकाहरूलाई नतिजामा आधारित अनुदान) |

## कोषद्वारा सम्पन्न भएका कार्यक्रमहरू:

| सम्पन्न कार्यक्रमहरू | वित्तिय स्रोत | आयोजना अवधी | ऋण लगानी (रू. हजारमा) | अनुदान लगानी (रू. हजारमा) |
|---|---|---|---|---|
| नगर विकास कार्यक्रम | विश्व बैंक (आई.डी.ए. ऋण) | १९८९-१९९६ | १२६,००९ | - |
| नगर विकास कार्यक्रम | जि.टि.जेड सरल ऋण | १९८८-१९९६ | १३,४८५ | ९९,७०० |
| नगर विकास कार्यक्रम - प्रथम चरण | जर्मन विकास बैंक (के.एफ.डब्लु.) | १९९५-२००० | ११३,४४७ | १९६,९०० |
| साना शहरी खानेपानी तथा सरसफाई आयोजना (प्रथम) | ए.डी.बी. (ऋण) | २०००-२००९ | ९९५,४६५ | - |
| जिल्ला स्वास्थ्य कार्यक्रम | जर्मन विकास बैंक (के.एफ.डब्लु.) | २००३-२००८ | - | १६४,३०० |
| साना शहरी खानेपानी तथा सरसफाई आयोजना -प्रथम चरण (पुन:निर्माण आयोजना) | न.वि.कोष ईक्विटी | २०००-२०१० | ३५६,१०९ | - |
| शहरी वातावरण सुधार आयोजना | ए.डी.बी. (ऋण) | २००३-२०११ | १९१,२८६ | - |
| दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ए.डी.बी. (ऋण) | २००९-२०१९ | २,२१४,४७४ | - |
| सहरी शासकीय क्षमता विकास कार्यक्रम | विश्व बैंक ऋण तथा अनुदान | २०११-२०१६ | १७३,६३९ | ५४८,४०० |
| फोहर मैला व्यवस्थापनका लागि प्रतिफलमा आधारित आयोजना | विश्व बैंक (जि.पि.ओ.वि.ए.) अनुदान | २०१३-२०१७ | - | ३६१,००० |
| नगर विकास कार्यक्रम (चक्रिय कोष) | न.वि.कोष ईक्विटी | २०१५-२०१८ | १६१,६४७ | २९५,५७० |
| मझौला सहरी एकीकृत सहरी वातावरणीय सुधार आयोजना | ए.डी.बी. (ऋण) | २०१०-२०१९ | १,२०७,४१६ | -- |
| काठमाडौं दिगो शहरी यातायात आयोजना | ए.डी.बी. (ऋण) | २०१०-२०१८ | ५५,७९१ | -- |
| एकीकृत सहरी वातावरणीय सुधार आयोजना | ए.डी.बी. (ऋण) | २०१२-२०१९ | १,०७९,७१५ | -- |
| **जम्मा ऋण/अनुदान लगानी** | | | **६,६८८,४८३** | **१,६८२,२७०** |


## कोषका सेवाग्राहीहरु (Client Group)

- स्थानीय तहहरु (महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका) ।
- नगर विकास समितिहरु ।
- खानेपानी तथा सरसफाई उपभोक्ता संस्था ।
- नगरउन्मुख गाउँपालिकाहरु तथा अन्य शहरी विकासमा संलग्न निकायहरु (प्राधिकरण, बोर्ड र स्थानीय संस्था) ।
- प्रचलित कानुनवमोजिम स्थापना भएका सरकारी वा गैह्र सरकारी संस्था ।

## ऋण आवेदन प्रक्रियाका लागि आवश्यक कागजातहरु (Documents for Application)

- प्रस्तावित आयोजनामा सम्बन्धित निकायको आधिकारिक निकायबाट ऋण मागको निर्णयको प्रतिलिपि ।
- आयोजनाको विस्तृत अध्ययन प्रतिवेदनको प्रतिलिपि ।
- आयोजना निर्माण स्थलको जग्गाको स्वामित्व भोगाधिकार, लिज प्रमाणको प्रतिलिपि ।
- स्थानीय तह जमानीमा बस्ने आधिकारिक निकायको निर्णय ।

## आयोजना चक्र (Project Cycle)



## कोषको ऋण लगानीका विधिहरू :

नगर विकास कोषले शहरी पूर्वाधार विकासमा लगानी गर्दा वित्तीय स्रोतसहित तथा वित्तीय स्रोतविनाको निम्न विधी अनुसार स्रोत परिचालन गर्दछ ।

| | |
|---|---|
| **वित्तीय स्रोतमा आधारित (Fund Based Financing Model)** | **Loan Product:**<br>● आयोजना निर्माणका लागि दीर्घकालीनरूपमा (२५ वर्ष सम्म) ऋण उपलब्ध गराउने ।<br>**Variants of Loan Product:**<br>● आयोजनाको प्रकृतिअनुसार विभिन्न ब्याज दरमा निर्माणका लागि ऋण उपलब्ध गराउने ।<br>**Equity Product:**<br>● आयोजनाबाट प्राप्त हुने प्रतिफल (नाफा वा घाटा) प्राप्त गर्ने गरी कुल लागतको अनुपातमा लगानी गर्ने ।<br>**Municipal/Infrastructure Bond:**<br>● आयोजना निर्माणका लागि ऋण पत्र जारी गरी आम सर्वसाधारणवाट स्वदेशी पुँजी सङ्कलन गरी आयोजनामा लगानी गर्ने ।<br>**Special Purpose Vehicle:**<br>● आयोजना सञ्चालन वा निर्माणका लागि सेवा प्रदायक संस्था वा कम्पनीलाई ऋण प्रवाह गर्ने । |
| **वित्तीय स्रोत विना लगानी विधि (Non-Fund Based Financing Model)** | **Credit Enhancement Product**<br>● आयोजना निर्माणमा लाग्ने लागतको सुनिश्चिताका लागि कोष जमानी (Gurauntee) रही आवश्यक रकमको प्रबन्ध मिलाउने ।<br>**PPP Financing**<br>● सार्वजनिक, नीजि क्षेत्रहरूलाई सहभागी गराई आयोजना संचालन गर्ने गराउने ।<br>**Leverage Climate Finance**<br>● वातावरण संरक्षणका आयोजनाहरूमा वित्तीय सहायता परिचालन गरी आयोजना निर्माणको ब्यवस्थापन गर्ने<br>**Energy Efficiency Finance**<br>● आयोजनामा जडान भएका वा निर्मित हुने संरचनामा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रम संचालन गरिने ।<br>**Land Value Index and Tax Calculator**<br>● स्थानीय तहहरूलाई जग्गा मूल्यांकनका आधार र कर गणना विधि उपलब्ध गराउने । |

## कोषका चालु कार्यक्रमहरूः

### १. आयोजना (ऋण तथा अनुदान लगानी)

#### (क) नगर विकास कार्यक्रम (Town Development Programme-II & III)

नगरहरूको पूर्वाधार विकासमा एक सक्षम दीर्घकालिन ऋण परिचालन गर्ने वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा नगर विकास कोषलाई स्थापित गराउने र शहरी पूर्वाधार क्षेत्रमा ऋण लगानी (Debt Financing) अवधारणाको विकास गराउने उद्देश्यअनुरूप जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.) ले सन् १९९५ देखि नगर विकास कार्यक्रम (Town Development Programme) मार्फत् नगरपालिकामा पूर्वाधार निर्माण तथा प्राविधिक सहयोगका लागि वित्तिय सहायता प्रदान गर्दै आएको छ । नगर विकास कार्यक्रम–दोस्रो चरण अन्तर्गत ७.५५ मिलियन युरो र नगर विकास कार्यक्रम–तेस्रो चरण अन्तर्गत ७.५ मिलियन युरो अनुदान सहयोगअन्तर्गत गरिएको दीर्घकालीन ऋण परिचालनबाट नगरपालिकाहरूमा वसपार्क, व्यावसायिक भवन, मनोरंजन पार्क, तरकारी बजार, नगरपालिका भवन, सडक तथा ढललगायतका शहरी पूर्वाधारहरूको विकासमा महत्वपूर्ण योगदान पुगेको छ । आ.व. २०७६/०७७ सम्म यस कार्यक्रम अन्तर्गत के.एफ.डब्ल्यू. तर्फ १ अर्ब २६ करोड ऋण र ३४ करोड अनुदान तथा नेपाल सरकार को म्याचिङ्ग फन्डतर्फ २२ अर्ब २ लाख अनुदान परिचालन गरिसकिएको छ ।

कोषले यस कार्यक्रमबाट संचालित आयोजनाहरूबाट फिर्ता भई आएको ऋणबाट स्थापित चक्रीय कोष (Revolving Fund) लाई नगरपालिकाहरूकै पूर्वाधार विकासमा पुनः ऋण परिचालन गरी नगर विकास कार्यक्रमलाई नगरपालिकाहरूको थप पूर्वाधार विकासका लागि निरन्तरता दिंदै आएको छ ।

साथै यस कार्यक्रमको क्षेत्र विस्तार गरी मध्यपहाडी राजमार्ग तथा हुलाकी राजमार्ग आसपासका नगरपालिकाहरूमा कोषका कार्यक्रम संचालन गर्ने योजना रहेको छ ।




*नगर विकास कार्यक्रम तेस्रो चरण अन्तर्गत भिमदत्त नगरपालिकामा निर्मित भिमदत्त बसपार्क*


Sudurpaschim Province
Karnali Province
Lumbini Province
Mahakali
JayaPrithivi
Dasharathchanda
Dipayal Silgadi
Amargadhi
Bhimdatta
Bedkot
Godawari
Ghodaghodi
Dhangadhi
Lamkichuha
Tikapur
Rajapur
Panchpuri
Narayan Narayan
Birendranagar
Musikot
Gurbhakot
Sharada
Rolpa
Gulariya
Badhaiyatal
Kohalpur
Nepalgunj
Tulsipur
Pyuthan
Ghorahi Ghorahi
Lamahi
Shivaraj
Kapilbastu
Banganga
Resunga
Sandhikharka
Tansen
Butwal
Sunwal
Tillotama
Siddharthanagar
Ramgram
Bardaghat
Beni
Jaljala
Kushma
Baglung
Pokhara Lekhnath
Putalibazar
Shuklagand
Waling
Rampur
Hupsekot
Legend
Small Town
Municipalities
0
25
50

## भएका नगरपालिका तथा साना शहरहरू

| Description | No. of Municipalities | No. of Small Town Water Supply and Sanitation Sector Project |
|---|---|---|
| Province No. 1 | 19 | 21 |
| Province No. 2 | 15 | 6 |
| Bagmati Province | 18 | 13 |
| Gandaki Province | 7 | 23 |
| Lumbini Province | 15 | 12 |
| Karnali Province | 2 | 6 |
| Sudurpaschim Province | 7 | 13 |
| **Total** | **83** | **94** |



## (ख) तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (STWSSSP-III)

नेपाल सरकारकाबाट राष्ट्रिय शहरी नीतिका आधारमा पहिचान भएका २६५ वटा साना शहरहरूमा गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गर्ने लक्ष्य लिई सन् २००० देखि एसियाली विकास बैंकको वित्तीय सहयोगमा संचालित साना शहरी खानेपानी तथा सरसफाई आयोजनामा नगर विकास कोष ऋण परिचालकका रूपमा संलग्न हुदैं आएको छ । यस कार्यक्रमको प्रथम चरणअन्तर्गत खानेपानी आयोजना निर्माणको कूल लागतको ३० प्रतिशत, दोस्रो चरणअन्तर्गत ३५ देखि ४५ प्रतिशत, तेस्रो चरणअन्तर्गत २५ प्रतिशत र शहरी खानेपानी तथा सरसपफाई आयोजनाअन्तर्गत २५ प्रतिशत बराबरको रकम ऋणका रूपमा नगर विकास कोषले खानेपानी उपभोक्ता संस्थालाई उपलब्ध गराउँदै आएको छ ।

साना शहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना, तेस्रो चरणअन्तर्गत छनौटमा परेका २० वटा साना शहरहरूमा खानेपानी आपूर्ति निर्माणका आयोजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् । खानेपानी तथा ढल व्यवस्थापन विभागसँगको सहकार्यमा संचालित यस कार्यक्रमअन्तर्गत खानेपानी तथा सरसफाई आयोजनाहरूका लागि आयोजना अवधिभरमा हुने कुल लगानी ६ करोड अमेरिकी डलरमध्ये कोषमार्फत् खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरूलाई १ करोड ८० लाख अमेरिकी डलर (अर्थात् करिव १ अर्व ८० करोड) ऋण लगानी गर्ने लक्ष्य राखिएको यस कार्यक्रमअन्तर्गत आ.व. ०७६।७७ सम्म रु १ अर्व ४३ करोड ऋण परिचालन गरिसकिएको छ । यस कार्यक्रमअन्तर्गत संचालित २० वटा आयोजनाहरूमध्ये १९ वटा आयोजना भौतिक रूपमा सम्पन्न भैसकेका छन् ।



*बिदुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत निर्मित खानेपानी आयोजनाको इनटेक संरचना*

## (ग) शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना (UWSSSP)



*इलाम शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत निर्माणाधिन पानी प्रशोधन केन्द्र ।*

साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजनाको प्रथम, दोस्रो र तेस्रो चरणसँगै बढ्दो शहरीकरण तथा मुलुकको शासकीय संरचना संघीय ढाँचामा परिवर्तनलाई मध्येनजर गर्दै एशियाली विकास बैंककै सहयोगमा शहरी खानेपानी तथा सरसफाई आयोजना (Urban Water Supply and Sanitation Sector Projct-UWSSSP) नेपाल सरकारबाट छनौट भएका २० वटा उच्च तथा मध्यमस्तरका खानेपानी आपूर्ति निर्माणका आयोजनाहरु कार्यान्वयन गर्ने लक्ष्य रहेको छ । सहलगानी/लागत असुली तथा साझेदारी नीति अपनाइएको यस आयोजनाअन्तर्गत संचालन हुने खानेपानी तथा सरससफाई आयोजनाहरूको कुल लागतको नगर विकास कोषबाट २५ प्रतिशत ऋण, उपभोक्तावाट ५ प्रतिशत र नेपाल सरकारवाट ७० प्रतिशत अनुदान लगानी हुने व्यवस्था छ । शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजनामा गरिने कुल लगानी १७ करोड ८५ लाख अमेरिकी डलरमध्ये कोषमार्फत १ करोड ९० लाख अमेरिकी डलर (अर्थात् करीव १ अर्व ९० करोड) ऋण लगानी हुने छ । यस कार्यक्रमअन्तर्गत आ.व. ०७६।७७ सम्म १२ वटा आयोजनाहरूका लागि रू. १ अर्व ४६ करोड स्वीकृत भै रू. ३९ करोड ४० लाख ऋण परिचालनसमेत भैसकेको छ ।

## (घ) सह–लगानी खानेपानी तथा सरसफाई आयोजना

खानेपानी तथा सरसफाई क्षेत्रमा स्वदेशी पूँजी परिचालन गरी सरकारले लगानी बढाउदै लैजाने उद्देश्य अनुसार लगानी असुलीको सिद्धान्तका आधारमा यो कार्यक्रम संचालनमा रहेको छ ।

यस कार्यक्रममा साना शहरी खानेपानी तथा सरसफाई आयोजना प्रथम तथा दोस्रो चरणअन्तर्गत कोषको ऋण लगानीबाट फिर्ता भई कोषमा नेपाल सरकारको इक्विटी पुँजीका रूपमा रहेको रकमबाट नेपाल सरकार तथा स्थानीय तहबाट छनौट भएका खानेपानी आपूर्ति निर्माण तथा सरसफाईका आयोजनामा कुल लागतको अधिकतम २५ प्रतिशत रकम खानेपानी उपभोक्ता संस्थालाई ऋण उपलब्ध गराउने प्रावधान रहेको छ । यस आयोजनाअन्तर्गत हालसम्म ११ वटा आयोजनाका लागि रू. ४२ करोड ऋण स्वीकृत भै रू. २२ करोड ५५ लाख ऋण परिचालनसमेत भैसकेको छ ।

## (ङ) शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Development Project -UIDP)

बढ्दो शहरीकरण र पूर्वाधारहरूको विविधिकरणलाई मध्येजनर गरी नगरपालिकाका निमित्त दिगो आम्दानीको स्रोत बन्न सक्ने शहरी पूर्वाधारका आयोजनामा नगरपालिकाको समेत लगानी र कोषवाट ऋण परिचालन हुने अवधारणामा आधारित यो कार्यक्रम नेपाल सरकारको ऋण सहयोगमा संचालन भैरहेको छ ।

यस कार्यक्रममा विशेष गरी नगरपालिकाको वित्तीय अवस्था सुदृढ गराउन तथा स्थानीय आर्थिक विकासलाई सहयोग पुऱ्याउने आयोजनाहरूमा दीर्घकालीन ऋण परिचालन गर्ने रणनीति रहेको छ । कोषबाट गरिने ऋण लगानीबाट निर्मित आयोजनाहरूलाई दिगो र प्रतिफलमुखी बनाउनका लागि आयोजनाको छनौट, कोष र नगरपालिकामा आयोजना लेखाजोखा (Project Appraisal), आयोजना अनुगमन तथा सुपरीवेक्षणको प्रभावकारी लगायत व्यबस्थासहित कार्य सञ्चालन निर्देशिका (Standard Operating Procedure -SOP) को ब्यवस्था गरिएको छ । यस आयोजनाअन्तर्गत नगरपालिकाबाट आ.व. ०७६।७७ सम्म करिव १ अर्व बराबरका शहरी पूर्वाधारका आयोजनाहरूका लागि ऋण सम्झौता भइसकेको छ साथै नगरपालिकाहरूबाट प्रस्तावित करिव रू. १३ अर्व वराबरका आयोजनाहरु लेखाजोखाको क्रममा रहेका छन् ।

## (च) शहरी विकास कार्यक्रम (Urban Development Programme- (UDP):



*बहुतले कार पार्किङ नमुना*

बढ्दो शहरीकरण र पूर्वाधारहरूको विविधिकरणलाई मध्येनजर गरी मागमुखी (Demand Oriented), नवप्रवर्तक (Innovative) र कम लागतमा प्रविधियुक्त नविनतम् आयोजनाहरूको विकास तथा निर्माणका लागि कोषको इक्विटीमार्फत यो कार्यक्रम संचालनमा रहेको छ । यस कार्यक्रमअन्तर्गत प्रविधियुक्त, प्रतिफलमुखी तथा सेवामुखी (Multi-Level Car Parking, Vehicle Washing Center, Cultural Light Show, Agriculture Project, Refreshment Center) आयोजनाहरूलाई प्रवर्द्धन गरी स्थानीय आर्थिक विकासमा सहयोग पुऱ्याउने आयोजनामा लगानी गर्ने योजना रहेको छ ।

## (छ) सार्वजनिक नीजि साझेदारी कार्यक्रम (Public Private Partnership Programme)

शहरी पूर्वाधारहरूको विकास तथा विस्तारमा निजी क्षेत्रको सहभागिता अपरिहार्य रहेको वर्तमान सन्दर्भमा पूर्वाधारका क्षेत्रमा लगानीलाई विस्तार गर्न नीजि क्षेत्रको सहभागितालाई प्रोत्साहन र प्रबर्द्धन गरी सार्वजानिक नीजि साझेदारी अवधारणामा आयोजनाहरूको विकास तथा लगानी गर्ने यस कार्यक्रमको लक्ष्य रहेको छ । यस



*Refreshment Centre Model*

कार्यक्रमअन्तर्गत निजी क्षेत्रको लगानीलाई आकर्षित गर्दै सार्वजनिक–निजी लगानीलाई बढावा दिने रणनीति रहेको छ ।

## (ज) दिगो शहरी यातायात कार्यक्रम (Sustainable Urban Transport Programme)



*न्यून प्रदुषणयुक्त सार्वजनिक यातायात*

नगर विकास कोषमा रहेको 'दिगो सार्वजनिक यातायात कोष' मार्फत् सार्वजनिक यातायात व्यवस्थालाई वातावरणीय रूपमा कम हानीकारक प्रणाली तथा न्यून प्रदुषणयुक्त यातायातका साधनहरुलाई प्रोत्साहन गर्दै यातायात व्यवस्थालाई बैज्ञानिक र वातावरणमैत्री हुने गरी विकास गर्दै लैजाने गरी यो कार्यक्रमको सुरूवात गरिएको हो । दिगो शहरी यातायातमा कोषको लगानीलाई विस्तार गर्नका लागि नेपाल सरकारका सम्बन्धित निकायहरूसँगको समन्वयमा सार्वजनिक यातायातसम्बन्धी विभिन्न प्रकारको आयोजनाको पूर्व–सम्भाव्यता अध्ययनहरु सँगसँगै यस कार्यक्रमअन्तर्गत जस्तै बिद्युत्तीय बस सेवा (e-BRT) लगायत अन्य सेवा सञ्चालन गर्ने योजना रहेको छ ।

## (झ) हरित जलवायु कोष (Green Climate Fund)

हरित जलवायु कोषले राष्ट्रहरूको हरित गृह ग्याँस उत्सर्जन न्युनीकरण तथा जलवायु परिवर्तन अनुकूल विकासमा सहयोग गर्ने उद्देश्य लिएको छ । यस हरित जलवायु कोष अन्तर्गत नगर विकास कोषमार्फत् जलवायु परिवर्तन अनुकुलन तथा न्युनीकरणका अमेरिकी डलर ५० देखि २५० मिलियनसम्मका ठूला आयोजनाहरूमा अनुदान, सरल ऋण र ग्यारेन्टीका रूपमा वित्तीय स्रोत परिचालन गर्न सकिने अवसर प्राप्त हुनेछ ।

GREEN CLIMATE FUND

नगर विकास कोषले हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त गरी हरित जलवायु कोषको वित्तीय स्रोत प्रादेशिक सरकार र स्थानीय तहसँगको सहकार्यमा जलवायु परिवर्तन अनुकूलन र न्युनीकरणका आयोजनाहरू (विद्युत्तीय सार्वजनिक यातायात, ऊर्जा दक्षता, सौर्य ऊर्जा, सिमसार संरक्षण तथा व्यवस्थापन, बहुउद्देश्यीय जल भण्डारण आदि पुर्वाधार विकासमा ऋण तथा अनुदान परिचालन गर्ने लक्ष्य लिएको छ । हाल (2021 January) नगर विकास कोष हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त गर्ने क्रममा रहेको छ ।

## (२) द्विपक्षिय सहयोगमा संचालित कार्यक्रमहरू

नगर विकाससँग सम्बन्धित निकायलाई प्राविधिक सहयोग प्रदान गर्ने कोषको अर्को मुख्य उद्देश्यअनुरूप विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्यमा क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु संचालन भैरहेका छन् ।

### (क) नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रमः

युरोपियन युनियनको वित्तीय सहयोगमा सञ्चालित नगपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम (MFCB) को मुख्य उद्देश्य नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय क्षमता अभिवृद्धि तथा स्थानीय आर्थिक विकास र जलवायु सम्बर्द्धन गर्ने पूर्वाधार निर्माणका नविनतम लगानी विधि अपनाउने क्षमताको विकास गर्ने रहेको छ । यस अन्तर्गत सहभागी १५ वटा नगरपालिकाहरु (भद्रपुर, मेचीनगर, इटहरी, धरान, जनकपुर, हरिवन, हेटौडा, धुलिखेल, गोरखा, तानसेन, बुटवल, तुल्सीपुर, वीरेन्द्रनगर, धनगढी र भीमदत्त) मा नगरपालिकाहरूको दीर्घकालीन रणनीतिक योजनाहरूको विकास, शहरी पुर्वाधार विकासको लागि लगानी-योग्य आयोजनाहरूको तयारी एवम् सार्वजनिक निजी साझेदारी प्रवर्द्धन (PPP) आयोजनाहरूमा पूँजीगत लगानी गर्ने क्षमता विकासका लागि युरोपियन युनियनको प्राविधिक सहयोग परिचालन गर्दै आएको छ ।

### (ख) संयुक्त राष्ट्र पुँजी विकास कोषसंगको सहकार्य (United Nations Capital Development Fund-UNCDF Cooperation)

संयुक्त राष्ट्र संघ पुँजी विकास कोषको प्राविधिक सहयोगमा संचालित यस कार्यक्रको उद्देश्य नगर विकास कोष तथा नगरपालिकाहरूको वित्तीय व्यवस्थापन र क्षमता अभिवृद्धि गरी पूर्वाधार विकासका लागि पूँजीगत लगानीका विभिन्न नविनतम विधिहरु अवलम्वन गर्न योग्य बनाउने रहेको छ ।

सहभागी नगरपालिकाहरूमा शहरी पूर्वाधार विकासमा पूँजीगत लगानीका लागि आयोजना विकास तर्जुमा, व्यवस्थापन तथा राजस्व अभिवृद्धिका साथसाथै नगर विकास कोषलाई शहरी पूर्वाधार विकास निगममा रूपान्तरण गर्न आवश्यक संस्थागत विकासका निमित्त संयुक्त राष्ट्र पुँजी विकास कोषबाट प्राप्त प्राविधिक सहयोग परिचालन भैरहेको छ ।



### (ग) नेपाल ऊर्जा दक्षता कार्यक्रम–तेस्रो चरण (Nepal Energy Efficiency Programme-III Phase)

नगर विकास कोषबाट ऋण लगानी भएका सार्वजनिक पूर्वाधारहरूमा ऊर्जा दक्षताको बजार प्रवर्द्धनलगायत किफायती र दक्षताका साथ ऊर्जाको प्रयोग गरी आयोजनाको संचालन खर्चलाई कटौती गर्ने र वातावरण संरक्षणमासमेत मद्दत पुऱ्याउने यस आयोजनाको मुख्य उद्देश्य रहेको छ । हाल यो कार्यक्रम विभिन्न स्थानीय तह तथा साना शहरी खानेपानी तथा सरसफाई आयोजनाहरूमा संचालनमा रहेको छ । यस कार्यक्रमअन्तर्गत खानेपानी आयोजनाका व्यवस्थापक तथा प्राविधिक कर्मचारीहरु लगायत नगरपालिकाका इन्जिनियर तथा प्राविधिक कर्मचारीहरूलाई ऊर्जा अडिट तथा ऊर्जा व्यवस्थापन कार्ययोजनासम्बन्धी तालिम प्रदान गरिदै आएको छ ।



*पर्सा साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत सञ्चालनमा रहेको खानेपानी पम्पिङ केन्द्रको उर्जा दक्षता मापन गरिदै*


## ३. प्राविधिक सहयोग (Technical Assistance )

कोषको आन्तरिक स्रोत वा नेपाल सरकार वा दातृ निकायको वित्तीय स्रोत परिचालन गरी आयोजनाको तयारी, सुपरीवेक्षण तथा अन्य सम्बन्धित क्षमता विकास कार्यक्रमका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।

## कोषको भावि कार्यदिशा (Future Road Map)

कोषले विगत ३२ वर्षसम्म शहरी पुर्वाधारका क्षेत्रमा काम गरेको लामो अनुभव, ऋण परिचालनबाट पुर्वाधार निर्माणका अन्तर्राष्ट्रिय सफलता तथा मुलुकको बिद्यमान स्रोत क्षेमतामा भएको खाडल परीपुर्ति गर्न सघाउ पुऱ्याउदै आर्थिक विकासको इन्जिनका रुपमा रहेका शहरको विकास तथा व्यवस्थापनका लागि प्रदेश तथा स्थानीय तहमा पूर्वाधार विकासमा दीर्घकालिन ऋण परिचालन (Debt Financing) गर्न संघ, प्रदेश, स्थानीय तह र अन्य निकायहरुको समेत सेयर रहने गरी रू. २० अर्व बराबरको इक्वीटी पुँजी संरचनासहित "शहरी पूर्वाधार विकास निगम (Urban Infrastructure Development Corporation, UIDC)" मा रुपान्तरण गरी कार्यान्वयनमा ल्याउने ।

### व्यावसायिक योजना (Business Plan) –आ.व. ०७७।७८ देखि ०८०।८१





## नगर विकास कोषका विकास साझेदार निकायहरु:

THE WORLD BANK

KFW

ADB
Asian Development Bank

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENAREIT

giz

UNCDF
Unlocking Public and Private Finance for the Poor

GREEN CLIMATE FUND

gef

GPOBA

कार्यकारी निर्देशक

**कृष्ण प्रसाद सापकोटा**

मो. न.: ९८५१०१३१७३

E-mail: ed@tdf.org.np

krishsapkota42@gmail.com

फोन नम्बर: ०१ ४४९३८६६ (Ext) १०३

कार्यकारी निर्देशकको सचिवालय

**हरकुश बोहरा**

मो. नं.: ९८६०४७९१७८

E-mail: h.bohara@tdf.org.np

फोन नम्बर: ०१ ४४६४८७४ (Ext) १११

**बबिता पौडेल**

मो. नं.: ९८०८४०९७९१

E-mail: paudyalbabita4@gmail.com

फोन नम्बर: ०१ ४४६४८७४ (Ext) १११

व्यवसाय प्रवर्द्धन तथा आयोजना विकास महाशाखा

**राजेश कुमार भोछिभोया**

मो. न.: ९८५११३०१३०

E-mail: r.bhochhibhoya@tdf.org.np

फोन नम्बर: ०१ ४४६४८७४ (Ext) ११९

आयोजना अनुगमन तथा सुपरिबेक्षण व्यवस्थापन महाशाखा

**हिरालाल महतो**

मो. नं.: ९८५१०९२६८४

E-mail: h.mahato@tdf.org.np

फोन नम्बर: ०१ ४४९३८६६ (Ext) ११४

प्राविधिक सहयोग तथा परामर्श सेवा महाशाखा

**सुवास राज पन्त**

मो. नं.: ९८४१२५३५७५

E-mail: subas.panta@tdf.org.np

फोन नम्बर: ०१४४६४८७४ (Ext) १०८

वित्त तथा कोष व्यवस्थापन महाशाखा

**देवान राई**

मो. नं.: ९८५१०५०१६०

E-mail: dewanrai@tdf.org.np

फोन नम्बर: ०१ ४४६४८७४ (Ext) ११५

मानव संसाधन महाशाखा

**सूर्य बहादुर कार्की**

मो. नं. ९८४१३६९६९४

E-mail: surya.karki@tdf.org.np

फोन नम्बर: ०१४४६४८७४ (Ext) १०५

लगानी तथा असुली शाखा

**सरिता श्रेष्ठ**

मो. नं.: ९८४१२०००४८

E-mail: sarita.shrestha@tdf.org.np

फोन नम्बर: ०१४४६४८७४ (Ext) १०६

योजना अनुगमन तथा मुल्याङ्कन शाखा


**सृजना खड्का**

मो. नं.: ९८६९०८६१३९

E-mail: srijana.khadka@tdf.org.np

फोन नम्बर: ०१ ४४६४८७४ (Ext) १०२

# कोषको साङ्गठनिक संरचना



# नगर विकास कोष

## TOWN DEVELOPMENT FUND

नयाँ वानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१ ४४९३८६६, ४४६५६५१, ४४६४८७४
ईमेल: tdf@tdf.org.np
वेभसाईट: www.tdf.org.np